सिरानचोक गाउँपालिकाको गाउँसभामा अध्यक्ष श्री राजु गुरुङ ज्यू द्वारा प्रस्तुत

# आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

सिरानचोक गाउँकार्यपालिका

गोरखा जिल्ला,

गण्डकी प्रदेश, नेपाल

विक्रम सम्वत २०७७ साल असार १० गते

**आदरणीय सभा अध्यक्ष महोदय,**

**गाँउ सभाका सम्पुर्ण सदस्यज्यु हरु,**

सिरानचोक गाउँपालिकाको गाउँसभामा उपस्थित गाउँसभाका सदस्यज्यूहरु, साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभा सफल बनाउन र यसको गरिमालाई बढाउन पाल्नु हुने राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, सबै पेशा, वर्ग, सेवा र समुहमा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा म यस गाउँपालिकाको जन निर्वाचित प्रमुख र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवं आभार व्यक्त गर्न चाहन्छु ।

सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित,स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु ।

नेपाली जनताले पटक पटक गरेको त्याग र बलिदान, सशस्त्र संघर्ष, ऐतिहासिक जन आन्दोलनको गौरवपूर्ण इतिहासको जगमा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभावाट पारित नेपालको संविधान २०७२, स्थानिय सरकार संचालन ऐन २०७४ को अधिकार प्रयोग गरी यस गाउँ सभामा स्थानीय सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित एवं गौरवान्वित भएको महसुस गरेको छु ।

नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीलाई मूर्त रुप दिन तीन तहको निर्वाचन मार्फत २०७४ पश्चात संघ, प्रदेश र स्थानीय तहको सरकार गठन भई कार्य प्रारम्भ गरेको यस सभालाइ सर्वविदितै छ । यसै परिप्रेक्षमा यस गरिमामय सभा समक्ष आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित महसुस गरेको छु ।

आज यस सम्मानित गाउसभामा मैले सम्बोधन गरीरहदा कोभिड-१९ महामारीका कारण विश्व समुदाय मानवजाति शताब्दीकै सवै भन्दा ठुलो चुनौति संग लडीरहेको छ । यसै सन्दर्भमा नेपालमा कोभिड १९ को शुरुवात भए लगत्तै नेपाल सरकारले यसको रोकथाम तथा नियन्त्रणका लागि लागु गरेको विभिन्न रणनीतिहरुले तीन वटै सरकारहरुको समन्वय र सहकार्य अत्यन्त अपरीहार्य देखिएको छ । यस विषम परिस्थिति संग सामना गर्दैगर्दा हामी सामु तमाम अवसर र चुनौतिहरु देखापरेका छन, जसलाई हाम्रो समन्वयात्मक कार्यगत एकताले सहजै सम्बोधन गर्ने कुरामा मैले विश्वास लिएको छु ।

गाँउपालिका भित्र अग्रमोर्चामा रहेर काम गरीरहेका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, कर्मचारीहरु र सुरक्षाकर्मीहरुको साहस र समपर्णलाई हार्दिक सम्मान र उच्च प्रशंसा गर्न चाहन्छु । साथै यस महामारीबाट सङ्क्रमित भई नेपाल भित्र र बाहिर जीवन गुमाउनु हुने सम्पूर्ण नेपाली तथा अन्य मित्रराष्ट्रका नागरिकहरूका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदीवहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

**सम्मानित गाँउसभाका आदरणीय सदस्य महोदय,**

हाम्रा विकासका भावना एवं सोचलाई मूर्त रुप दिन विश्वव्यापी रुपमा स्वीकार गरिएका दिगो विकासका लक्ष्यहरु तथा वर्तमान असहज परिस्थिति विरुद्ध सफलता हासिल गर्नेतर्फ उन्मुख हुदै आगामी आ.व. को लागि जन अपेक्षा सम्बोधन हुने गरी कोभिड १९ नियन्त्रण तथा रोकथामका लागि क्वारेन्टाइन तथा आइसोलेसन ब्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, पर्यटन, सडक, सिंचाई, समावेशी विकास, लैंगिक समानता तथा सामाजिक सशक्तिकरण, मानवीय विकास, सुशासन, पूर्वाधार तथा संस्थागत क्षमता विकास गर्न उपर्युक्त नीति तथा कार्यक्रमहरु संचालन गर्न उपयुक्त ठानेको छु ।

हामी सबै जानकार नै छौं, हाम्रा चाहना र आवश्यकताहरु असिमित छन, तर स्रोत र साधन सिमित छ । सिमित स्रोत र साधनको न्यायोचित वितरण तथा अधिकतम् प्रयोगबाट समग्र गाउँपालिका क्षेत्रका आम नागरीकको विकास तथा परिबर्तनको चाहनालाई सम्बोधन गर्न प्रयास गरिने छ । तसर्थ सिमित स्रोत र

साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना छनौट गरी समूदायको अधिकतम जनसहभागिता, सहकार्य तथा सामूहिक स्वार्थ र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता र यथार्थ हो । यसलाई कार्यान्वयन गर्नका निम्ति सम्पूर्ण राजनैतिक दल, कर्मचारी, विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्था, विकास प्रेमी ब्यक्तित्वहरु तथा निर्वाचित पदाधिकारी ज्यूहरुसंग सहयोग एवं सहकार्यको आशा र अपेक्षा गरेको छु ।

**आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमको समीक्षा :**

१) गाउँपालिकामा प्राप्त हुने सुझाव र गुनासाहरु लिखित वा मौखिक रुपमा सिधै प्राप्त गरी उक्त सुझाव र गुनासालाई सम्वोधन गरिने व्यवस्था मिलाइएको छ । गाउँपालिकाको सेवा प्रवाहसँग सम्बन्धित...... वटा स्थानीय कानून तथा कार्यविधिहरु तयार गरी कार्यान्वयनमा ल्याइएको छ । सवै वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै मेलमिलाप गराई विवाद निरुपण गर्ने प्रक्रिया थालनी गरिएको छ । नागरिकहरुलाई सेवा लिनका सहजता लाई मध्यनजर गरि गाउँपालिकाका ८ वटै वडामा नागरिक वडापत्र स्थापना गरिएको छ ।

२) विकास प्रक्रियामा दीगोपना, स्वामित्व र जनसहभागिता अभिवृद्धि गर्न विकेन्द्रित विकास प्रारुप बमोजिम वडास्तरीय विकास योजना वडा कार्यालयमार्फत सञ्चालन गर्न वडाहरुलाई जनसंख्या, क्षेत्रफल, कर परिचालन र विकासको अवस्थाको आधारमा वर्गीकरण गरी निःशर्त अनुदान उपलब्ध गराइएको छ ।

३) COVID-19 को कारणले नेपाल सरकारद्धारा ज्येष्ठ नागरिकलाई उपलब्ध गराइएको सामाजिक सुरक्षा भत्ता घर-घरमै उपलब्ध गराईने व्यवस्था मिलाईएको छ । सामुदायिक स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई विस्तार गर्दै निःशुल्क स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्ने तथा सरकारले तोकेबमोजिमका औषधी निःशुल्क वितरण गर्नुका साथै स्वास्थ्य सेवालाई स्तरोन्नती गरिएको छ ।

४) गाउँपालिकासँगको समन्वयमा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणद्धारा नीजि आवास एवम् संस्थागत भवनहरु निर्माण कार्य द्रुत गतिमा अगाडि वढिरहेको छ । गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक मठमन्दिर,पोखरी तथा ढुंगेधाराहरुको तथ्याङ्क संकलन गरी संरक्षण र विकास कार्यको थालनी भएको छ ।

५) स्कुलका विद्यार्थीहरुको खेलकुदको विकासको लागि गाउँपालिका स्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगिताको सुरुवात गरिएको छ ।

६) गाउँपालिकाको लेखा प्रणालीलाई चुस्त दुरुस्त राख्न SuTRA प्रणालीको अवलम्वन गरिएको छ भने संचालित योजनाहरुको सम्झौता देखि भुक्तानी सम्मका प्रक्रियाहरु सफ्टवेयर मार्फत सम्पादन गर्ने गरिएको छ ।

७) सिरानचोक गाउँपालिकाको संस्थागत स्वमूल्यांकन तथा चालु आ.ब.को लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण सम्पन्न गरि सो आधारमा आगामि आ.व. का लागि कार्ययोजना निर्माण गरिएको छ ।

८) हाल बिश्वभर महामारीको रुपमा फैलिएको कोभिड १९ को प्रभावलाई न्यून गर्न यस गाउँपालिकामा अन्यन्त्र जिल्ला तथा विदेशबाट आउने नागरिकहरुका लागि सात वटै वडामा क्वारेन्टाईन स्थापना गरी संचालनमा ल्याइएको छ । साथै प्रत्येक समुदायमा कोरोना प्रतिकार्य समूह निमार्ण गर्नुका साथै सामुदायीक क्वारेन्टीन स्थापना गरीएको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

९. यस गाउँपालिको आगामी आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम राज्यको लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा, नेपाल सरकारले लिएको “समृद्ध नेपाल सुखी नेपाली” बनाउने दीर्घकालीन सोच समेतका आधारमा आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा

पछाडि परेका/पारिएका समुदायहरुलाई समेत उच्च प्राथमिकतामा राख्दै र आम गाउँपालिकाबासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ।

१०.सिरानचोक गाउँपालिकाकाको नीति, योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रबन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न गाउँसभा, गाउँकार्यपालिका, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिहरु, वडा अध्यक्षहरु, गाउँकार्यपालिकाका सदस्यहरु तथा वडा सदस्यहरु,विज्ञ सल्लाहकारहरु र कर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ। गाउँपालिकाद्धारा सम्पादित कार्यहरुमा स्थानीय राजनीतिक दल, बुद्धिजिवी, स्वयंसेवी, नागरिक समाज र आम संचारको भूमिका अझ महत्वपूर्ण रहेको छ। यी सबै पक्षलाई ध्यान दिई नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, विभिन्न विषयगत कानूनहरु, सिरानचोक गाउँपालिकाको आर्थिक बर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम र सोको कार्यान्वयनको अवस्था, नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्ध्रौं योजना, गण्डकी प्रदेशको आवधिक योजना, दिगो विकास लक्ष्य, संघीय तथा प्रदेश सरकारबाट प्राप्त भएका मार्गदर्शन, गाउँपालिकाको आवधिक र क्षेत्रगत योजनाले निर्दिष्ट गरेका दुरदृष्टि, लक्ष्य, उद्धेश्यहरु र विभिन्न विषय विज्ञहरुबाट प्राप्त सुझावहरु समेतलाई आत्मसात गरी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

११.सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले गाउँपालिकाका कार्यहरुमा पारदर्शिता,आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भ्रष्टाचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ। स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ।

१२.गाउँपालिकाका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा वातावरणीय, जलवायु परिवर्तन तथा उत्थानशिलतालाई विशेष ध्यान दिइनेछ। समुन्नत गाउँपालिका निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरुको सहकार्यलाई आत्मसात गर्दै सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ।

१३.गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाहको प्रवर्द्धन एवं कोभिड १९ बाट सृजित संकट ब्यबस्थापनका लागि आवश्यक कानूनहरु (ऐन, नियमावली, कार्यविधि, मापदण्ड,निर्देशिका, दिग्दर्शन आदि), दीर्घकालिन, आवधिक र विषय क्षेत्रगत योजना, प्रोजेक्ट बैंक, गुरुयोजना तथा नीतिहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१४. सिरानचोक गाउँपालिकावासीको जीवन पद्धतिमा अर्थपूर्ण परिवर्तन आउन सक्ने परियोजनाहरुलाई गाउँपालिकाको विशेष महत्वका आयोजना मानिनेछ र यस्ता आयोजनाहरु आगामी तीन बर्षभित्रमा आधारभूत रुपमा सम्पन्न गरिनेछन्।

१५.सिरानचोक गाउँपालिकाको स्वमूल्याङ्कन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात् तयार गरिएको कार्ययोजना कार्यान्वयनका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ। उल्लेखित पृष्ठभूमिमा सिरानचोक गाउँपालिकाबाट आर्थिक वर्ष २०७७/०७८ को लागि निम्न नीतिहरु अवलम्बन गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस गाउँपालिकाको आगामी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु। नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको बार्षिक विकास योजनाको सोंच, लक्ष्य र उद्देश्यको बारेमा छोटो प्रस्तुत गर्न चाहान्छु।

**सिरानचोक गाउँपालिकाको दीर्घकालिन सोंच :** "समृद्ध सिरानचोकको आधार, कृषि पर्यटन र पूर्वाधार" रहेको छ।

**लक्ष्य :** गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय विकासमा अभिबृद्धि भई गाउंबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

**उद्धेश्य :** गाउँपालिकाको सामाजिक, आर्थिक, मानविय विकास समावेशी तथा गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई गाउँवासीको जीवनयापन गतिशील तथा सुरक्षित भएको हुनेछ ।

**आदरणीय सदस्य महोदय,**

योजना तर्जुमा गर्दा नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित), स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, राष्ट्रिय योजना आयोगबाट प्राप्त दिग्दर्शन, संघीय सरकारको बजेट तथा कार्यक्रमका साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्गदर्शनलाई पूर्णतः अवलम्बन गर्दै यो नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ ।

**प्राथमिकता क्षेत्र**

- कोभिड १९ बाट सिर्जित संकट ब्यवस्थापन
- कृषि तथा पशु सेवामा आधुनिकीकरण तथा ब्यवसायिकरणको लागि विशेष जोड
- पूर्वाधार विकास (सुधारिएको सडक)
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार
- सूचना प्रविधि तथा सञ्चारमा विकास
- उद्यम र सहकारीताको विकास
- प्राकृतिक विपद ब्यवस्थापन पूर्व तयारी राहत वितरण र पुर्नस्थापन, पुनःनिर्माण
- ऐतिहासिक तथा  सास्कृतिक पर्यटन प्रवर्द्धनको क्षेत्रमा विशेष जोड
- मानव संसाधन र सामाजिक विकास
- जलवायु उत्थानशिलता
- सवैको लागि खानेपानीको उपलब्धता
- सामुदायिक वनको संरक्षण तथा ब्यवस्थापन

**१. आर्थिक नीति :**

**क) कृषि विकास सम्वन्धि नीति :**

१) एक वडा एक कृषि उत्पादन कार्यक्रमको अवधारणलाई अगाडी बढाउन आवश्यकता अनुसार वडामा जे.टि.ए. राख्ने ब्यवस्थालाई शुरु गरिनेछ ।

२) विगतमा धेरै युवा बैदेशिक रोजगारीमा गएको कारणले बाँझो रहेको निजी जग्गामा बढी उव्जाउ गर्न आवश्यक उन्नत प्रविधि तथा बीउबीजनको प्रयोग गरी सामुहिक रुपमा व्यवसायिक खेती कार्यलाई प्रवर्द्धन गर्न विशेष प्रोत्साहन गरिनेछ ।

३) लिजमा जग्गा व्यवस्थापन खेती र कृषि उत्पादनको प्रारम्भिक प्रशोधन गर्ने कृषिमा आधारित उद्योगहरुको विकासमा जोड दिइने छ ।

४) किसानद्वारा उत्पादित कृषि उपज, मौरीपालन र बजारीकरणमा सघाउन समुदाय वा सहकारीद्वारा सञ्चालन गर्नेगरी संकलन केन्द्र, प्रशोधन केन्द्र, कोल्ड स्टोर, दुग्ध चिस्यान केन्द्र र ढुवानी साधन

जस्ता बजार पूर्वाधार स्थापनाका लागि वहुउद्देश्यीय सामुदायिक भवनहरु समेतको विकास, उपयोग एवं सम्भाव्यता हेरी उपयुक्त स्थानमा हाट बजारको पनि विकास गरिनेछ ।

५) कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस गाउँपालिका क्षेत्रलाई अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

६) खेतीयोग्य जमिनलाई बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्ने र बाँझो रहेका कृषि भूमिको दिगो उपयोगको लागि उपयुक्त योजना तयार गरी कार्यान्ययन गरिनेछ ।

७) एक वडा एक उत्पादनको क्षेत्रलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने गरी गाउँपालिका र वडा कार्यालयवाट वजेट विनियोजन गरी आर्थिक समृद्धिका लागि कार्यक्रम तयार गरिने छ ।

८) दिगो अर्थतन्त्रको विकासका लागि गाउँपालिकामा**"एक घर एक बगैचा"** को नीतिलाई लागु गरिनेछ ।

९) स्वदेश तथा विदेशवाट फर्केका दक्ष/अर्धदक्ष, अदक्ष कामदार तथा युवालक्षित विस्तृत कृषि प्याकेज तयार गरि भुमि बैंक जस्ता कृषिका आधारभुत पुर्वाधारहरु तयार गरिने छ ।

१०) कृषि व्यवसाय लाई प्रवद्धन गर्नका लागि प्रत्यके वडामा कृषि पकेट प्रबद्धन कार्यक्रम घोषणा गरिनेछ ।

११) किसान बाट उत्पादित उत्पादन लाई बजारीकरण गर्न र बिचौलियाको विगविगी लाई न्युनीकरण गर्न एक वडामा एक हाटबजार सुचारु गर्नुका साथै प्रत्येक वडामा कृषि उत्पादन संकलन केन्द्र निमार्ण कार्य अगाडि बढाइन्छ ।

**ख) पशु विकास सम्वन्धि नीति :**

१२) गाउँपालिका क्षेत्रभित्रका पशुहरुको लगत लिने तथा सामुदायिक पशुहरुलाई प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ ।

१३) गोठ सुधार जस्ता कार्यक्रमलाई अगाडि बढाउने नीति लिइनेछ ।

१४) पशुपालन एवमं माछा पालन व्यवसायलाई प्रोत्साहन गर्न व्यवसायीक कृषक मार्फत साझेदारीमा अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिने छ ।

१५) मासुजन्य तथा दुधजन्य उत्पादनमा वृद्धि गर्न पशुपालक कृषकहरुलाई प्रोत्सान कार्यक्रम संचालन गरिनेछ ।

१६) गाउँपालिकालाई अण्डा, मासु र दूधमा ५ बर्ष भित्रमा आत्मनिर्भर बनाउन अण्डा, मासु र दूध विशेष उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

१७) पशुपालन व्यबसायमा नश्ल सुधार कार्यलाई जोड दिदै कृर्तिम गर्भाधान गर्ने ब्यवस्था गरिनेछ ।

१८) स्थानीय जातका बाख्राहरुको नश्ल सुधार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१९) नर्सरी ब्यवस्थापन गरि घाँसमा आधारित पशुपालन ब्यवसायमा जोड दिईनेछ ।

२०) पशुपालन ब्यवसायमा देखिएको घासको संकटलाई मध्यनजर गरि डालेघास, नर्सरी र विरुवा वितरण गरिनेछ ।

२१) प्रत्येक वडामा नमुना कृषि तथा पशु फर्म सञ्चालन गरिनेछ ।

**ग) राजस्व परिचालन सम्बन्धी नीतिहरु**

२२) कोरोना महामारीबाट आक्रान्त गाउँवासीलाई प्रवाह गर्ने सेवामा सुधार गरिनेछ र करको बोझवाट राहत दिलाउन कर प्रणालीलाई यथार्थ आर्थिक कारोवारमा आधारित गर्नुका साथै आर्थिक कारोवार नभएको स्थितिमा करको भार नबढाइने नीति लिइने छ ।

२३) व्यवसाय करको दायरालाई विस्तार गर्न अनौपचारिक रुपमा सञ्चालनमा रहेका सवै प्रकारका व्यवसायलाई दर्ता तथा अभिलेखीकरण गरी गाउँपालिकाबाट प्रवाह हुने सेवासँग आबद्ध गरिने छ । गाउँपालिकाले लगाउने व्यवसाय करलाई संघीय तथा प्रदेश करहरुसँग दोहोरो नपर्ने गरी व्यवसायिक

कारोवारको प्रकृतिको आधारमा वर्गीकरण गरी लगानीको न्यूनतम प्रतिशत वा एकमुष्ठ वार्षिक रुपमा लागु गरिनेछ ।

२४) गाउँपालिकामा सञ्चालनमा रहेका सम्पूर्ण उद्यम व्यवसायलाई औपचारिक रुपमा दर्ता हुन आएमा निश्चित अवधिसम्म करमा विशेष छुट तथा थप सुविधा प्रदान गर्ने नीति लिइने छ ।

२५) मध्य पहाडी राजमार्ग तथा छिमेकी नगरपालिकाहरुलाई आवश्यक पर्ने निर्माण सामग्रीका रुपमा प्रयोग हुने प्राकृतिक स्रोत उपयोगका लागि वातावरणीय परीक्षण तथा गुणस्तर परीक्षण कार्य शुरु गरिने छ । सम्भव भएसम्म प्रशोधन व्यवसाय गाउँपालिकामा नै स्थापना गरी रोजगारी श्रृजना र मूल्य अभिबृद्धि गरी निकासी गर्ने नीति लिइने छ । यस कार्यमा छिमेकी नगरपालिका तथा गाउँपालिकाहरुसँग पनि संस्थागत समन्वयको व्यवस्था गरिने छ ।

२६) राजस्वका दरहरु पुनरावलोकन र कोभिडका कारणले करदातालाई निश्चित छुटहरु मार्फत प्रोत्साहन गरी बढी राजश्व आम्दानी गर्ने वातावरण निर्माण गरिने छ ।

२७) करदाता शिक्षा, महामारीको शिलशिलामा कर अंकमा छुट दिने, सूचना संकलनमा शिक्षक तथा विद्यार्थीको प्रयोग गर्ने, बढी कर तिर्नेलाई पुरस्कृत गर्ने, कर शिक्षा प्रदान गर्ने आदि कार्यक्रम मार्फत करदातालाई प्रोत्साहन गरी करदाता मैत्री वातावरण सिर्जना गर्ने प्रयास गरिने छ ।

२८) सिरानचोक गाउँपालिकाको आन्तरिक श्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा बिस्तार र राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

२९) गाउँपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ति कर, बहाल कर, ब्यवसाय कर र विज्ञापन करलाई एकीकृत रुपमा आबद्ध गरिनेछ ।

३०) आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र कर परीक्षण कार्यलाई प्रभावकारी बनाइनेछ ।

३१) गाउँपालिकाले संकलन गर्ने कर, सेवा शुल्क तथा जरिवाना बैकिंग प्रणालीबाट मात्र लिने नीति अवलम्बन गरिनेछ ।

३२) नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको २२ वटा एकल अधिकार क्षेत्र भित्र रही श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण पद्धती अपनाई कर तथा राजश्व निर्धारण गरिने छ । सवै सरोकारवाला करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल वजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिने छ ।

३३) विकास साझेदार संस्थाहरुको सहकार्यमा गाउँपालिकाको राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयारीको क्रममा रहेको र यसमा थप राजश्वका क्षेत्रहरुको पहिचान गर्दै आगामी बर्षदेखि राजश्व अभिबृद्धि गर्न यसै कार्ययोजनालाई कार्यान्वयन गरी आन्तरिक राजश्व बृद्धि गर्न आवश्यक पहल गरिनेछ ।

### घ) सहकारी नीति :

३४) "**समृद्धिको लागि सहकारी अभियान**"लाई सफल पार्न एक सहकारी एक उत्पादनको नीति लिइनेछ ।

३५) संघीय सहकारी कानून र संघीय सरकारको आर्थिक वर्ष २०७७/७८ को बजेटले गाउँपालिकामा स्थापना हुने सहकारी खेती, पशुपालन तथा उद्योग व्यवसायलाई विशेष छुट तथा सहुलियत प्रदान गरिने प्रावधानलाई उपयोग गरी सहकारी उद्यम तथा व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।

३६) सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

३७) सहकारीहरुको लेखा तथा सूचना प्रणालीमा एकरुपता कायम गर्ने कार्यको थालनी गरिनेछ । सहकारीहरुको नियमन तथा ब्यबस्थापनको लागि सहकारी कार्यमूलक योजना ल्याइनेछ ।

३८) अनौपचारिक क्षेत्रमा संलग्न महिला, दैनिक ज्यालादारीमा कार्य गर्ने मजदूरहरुलाई सहकारीमा आबद्ध गराउने नीति लिइनेछ ।

३९) गाउँपालिका क्षेत्र भित्र छरिएर रहेका एवं व्यवस्थित हुन नसकेका सहकारी संस्थाहरुको तथ्याकं संकलन गरी सरोकारवला निकायसँग छलफल एवं वहस गरी सहकारी संस्थाहरुको आवश्यक व्यवस्थापन गरीनेछ ।

४०) गाउँपालिका क्षेत्र भित्र रहेका सहकारीहरुको सूचना अद्यावधिक गरी सहकारीलाई नियमन गर्दै उनीहरुको क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरीनेछ, यसको लागि गाउँपालिका स्तरिय सहकारी संघ बनाई सहकारी प्रबर्द्धनका कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

४१) यस पालिकामा दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुले  आफ्नो लगानीको कम्तीमा ३० प्रतिशत लगानी  कृषि तथा पशुपालनको क्षेत्रमा अनिवार्य रुपमा लगाउनुपर्ने व्यवस्था गरीन्छ ।

**ङ) उद्यमशीलता प्रबर्द्धन नीति :**

४२) सिरानचोक गाउँपालिका भित्र विभिन्न उद्यम गरिरहेका शिल्पीहरुको सीप उपयोग तथा विकासका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ । कारोनाका कारणले स्वदेश फर्किएका युवाहरुलाई स्वदेशी उद्यममा आकर्षण गर्न स्वदेशी वस्तुहरुको उत्पादन, प्रबर्द्धन र बजारीकरणलाई प्रोत्साहन गरिनेछ ।

४३) कोरोना संक्रमणको कारणले विदेशमा रोजगारीमा गएका कतिपय गाउँबासी फर्कने क्रममा रहेकाले अनलाईनबाट संकलित तथ्यांक समेतका आधारमा उनीहरुले सिकेको सीपलाई फर्केपछि उपयोग गरी उद्यम व्यवसायमा संलग्न गराउन विशेष कार्यक्रम सञ्चालन र प्रोत्साहन गरिनेछ ।

४४) गाउँपालिकाको आफ्नै कच्चा पदार्थ एवं अन्य स्थानवाट आयातित कच्चा पदार्थहरु आयात गरी सञ्चालन गर्न सकिने उद्योग व्यवसायको विस्तार गर्न तुलनात्मक लाभको स्थिति हासिल गर्ने गरी सम्भाव्य उद्यम व्यवसायको पहिचान गरिनेछ ।

४५) विकास साझेदार संस्थाहरुको सहकार्यमा सिरानचोक गाउँपालिकाभीत्र रहेका उद्यमीहरुका लगत संकलन गरि पार्श्व चित्र (प्रोफाइल) तयार गरिनेछ ।

४६) विभिन्न क्षेत्रहरुमा आवश्यकताका आधारमा सीपमूलक तालिम सञ्चालन गरिनेछ । सोका लागि गाउँपालिकास्तरीय एकीकृत सीप विकास प्रतिष्ठान सञ्चालनमा ल्याउन आवश्यक अध्ययन गरिनेछ ।

४७) स्वरोजगारीका अवसर सृजना गर्न युवाहरुलाई लक्षित गरी विभिन्न किसिमका व्यवसायिक तालिमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइ थप ब्यबस्थित गरिनेछ ।

४८) उद्यमशिलता विकास गर्न उद्यम विकास कोष स्थापना गर्न पहल गरीनेछ । गाउँपालिकाक्षेत्र भित्रका उद्यमीहरुले उत्पादन गरेका सामाग्रीहरुको विक्रि वितरणको लागि वजार व्यवस्थापनमा जोड दिइने छ ।

**(घ) उद्योग तथा व्यापार नीति :**

४९) गाउँपालिकाले मध्य पहाडी राजमार्ग नजिकै सिरानचोक गाउँपालिका स्थित ४५ रोपनी जग्गामा औद्योगिक ग्रामको निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ । लघु,साना तथा घरेलु उद्योग ग्राममा सञ्चालन हुने उद्योग व्यवसायलाई स्थानीय कर तथा सेवा शुल्कमा विशेष छुट तथा थप सहुलियत प्रदान गरिनेछ ।

५०) गाउँपालिका क्षेत्रमा सञ्चालित साना तथा घरेलु उद्योगहरुको सूचि तयार गरीनेछ । उक्त उद्योगहरुलाई गाउँपालिकामा दर्ता गराई त्यस्ता उद्योगहरुको प्रबर्द्धनमा गाउँपालिकाले सहजिकरण गर्ने गरी कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्नेछ ।

५१) औद्योगिक ग्राम निर्माणका लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने स्रोत तथा गाउँपालिकाको स्रोतबाट शीघ्र निर्माण कार्य सम्पन्न गर्ने गरी कार्य अगाडि बढाइनेछ । यस गाउँपालिकाको रणनीतिक अवस्थितिलाई उपयोग गरी निजी क्षेत्रलाई यस औद्योगिक ग्राममा उद्योग व्यवसाय स्थापना तथा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

५२) स्थानीय समुदाय, निजी क्षेत्र, प्रहरी, यातायात व्यवसायीसँग सहकार्य गरी आर्थिक तथा पर्यटन क्षेत्रमा योगदान दिने निश्चित क्षेत्रहरु सञ्चालन गर्नका लागि आवश्यक नीतिगत तथा पूर्वाधारको ब्यबस्था मिलाइनेछ ।

५३) उद्योगी, व्यवसायी तथा स्थानीय समुदायसँगको सहकार्यमा विभिन्न अवसरमा स्थानीय उत्पादनको व्यापार प्रबर्द्धन मेला आयोजना गरिनेछ ।

**(ङ) संस्कृति तथा पर्यटन नीति** :

५४) नेपाल सरकारको सहयोगमा नेपाली सेना द्धारा तयार गरिने एकिकरण पदमार्गमा सिरानचोक कोटको ऐतिहासिक गौरवमय योगदानलाई समावेश गर्न विशेष पहल गरिने छ ।

५५) नेपाल एकिकरणको सर्न्दभमा गोरखा राज्यको सिमानाको रक्षा किल्लाको रुपमा रहेको सिरानचोककोट लाई इतिहासिक स्थल वनाउन तत्कालिन समयमा चौविसे राज्य सम्म लडाई गर्ने गोरखाली सेनाका कमाण्डर अमर सिहँ थापा, पृथ्वी नारायण शाहका सहयोगी वीर सेना झागल गुरुङको योगदानलाई कदर गर्दै सिरानचोक गाउँपालिकालाई ऐतिहासिक पर्यटकीय स्थल घोषणा गर्न विशेष पहल गरिनेछ ॥

५६) वावा गोरखनाथले वाल्यकाल विताएको स्थान श्रीनाथ र वाल्यकाल अवस्थामा हेरचाह गर्ने देवी मण्डली नाथ सम्प्रदायको वसोवास रहेको स्थान जोगी गुफाको शिवालय मन्दिरलाई शक्ति पिठको रुपमा व्यवस्थित प्रसारप्रसार गरिने छ ।

५७) आगामी २ वर्ष भित्र ऐतिहासिक पर्यटकीय स्थलको रुपमा विकास गर्न, वडा नं. ६ मा अमरसिह पार्क, वडा नं. ५ मा गाग्रे डाडामा नेपाल एकीकरण पार्क निर्माण गरिनेछ ।

५८) **"हाम्रो इतिहास हाम्रो गौरव, हाम्रो पर्यटन"** भन्ने अवधारणालाई सार्थक पार्नका लागि पर्यटन प्रबर्द्धनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण, संरक्षण, सम्बर्द्धन र बिस्तारमा जोड दिने नीति लिइनेछ ।

५९) आन्तरीक तथा बाह्य पर्यटन प्रबद्धनको लागि सिरानचोक सम्बन्धि शब्दहरु उल्लेख गरी रेकर्ड गरीएका गीतहरुको छायाङ्कन सिरानचोक गाउँपालिका भित्र गरीएमा अनुदानको ब्यवस्था गरीनेछ ।

६०) गाउँपालिका भित्र पर्यटन विकास, विस्तार र सम्बर्द्धनका लागि गाउँपालिकास्तरीय पर्यटन गुरु योजना तयारीका लागि गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण धार्मिक धरोहर, शक्तिपिठहरु, तथा पर्यटकीय क्षेत्रको क्रमश विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी पर्यटन विकासमा टेवा पुग्ने कार्यक्रम तथा योजना तयार गरिने छ ।

६१) मौलिक बस्तीमा सम्पदा भवनहरुको संरक्षण तथा निर्माणको लागि निश्चित मापदण्डको आधारमा अनुदान तथा छुट दिने नीति लिइनेछ ।

६२) यस गाउँपालिका क्षेत्रमा रहेका वन तथा सार्वजनिक क्षेत्रलाई सार्वजनिक नीजी साझेदारी कार्यक्रमको अवधारणा अनुसारको नीति तय गरी उक्त क्षेत्रमा कृत्रिम ताल, वोटानिकल पार्क सहितको मनोरञ्जन पार्कको विकास गरी आन्तरिक तथा वाह्य पर्यटकको गन्तव्य स्थलको रुपमा विकास गर्दै लगिनेछ । यसको लागि आवश्यक नीति गाउँपालिकाले तयार गर्नेछ ।

**च) प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धि नीतिः**

६३) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई गाउँपालिकाको सहभागीता समेत हुने गरी प्रभावकारी बनाइनेछ । यस आर्थिक बर्षमा बेरोजगार लक्षित कार्यक्रम संचालन गरिनेछ । रोजगारी सहितको सीपमुलक तालिमहरु मार्फत युबाहरुलाइ स्वरोजगार बनाइनेछ । रोजगार सेवा केन्द्रलाई थप ब्यबस्थित गरी श्रम बैंक स्थापना गर्ने नेपाल सरकारको योजनालाई गाँउपालिकाको ८ वटै वडा मार्फत सम्बद्ध संस्थाहरुसँगको सहकार्यमा प्रभावकारी कार्यान्वयन गरी रोजगार प्राप्तिलाई सहज बनाइनेछ ।

६४) यस क्षेत्रका निम्न आय भइ गरिवीको चपेटामा परेकाहरुको तथ्याङ्क अध्यावधिक गरी उनिहरुको आर्थिक तथा सामाजीक विकासको लागी स्वरोजगारमुलक र सिपमुलक कार्यक्रम संचालन गरीनेछ । साथै गाँउपालिकाले संचालन गर्ने विकास निर्माणको कार्यमा रोजगारी सिर्जना हुने स्थितिलाई बढवा दिईनेछ।

६५) गाउँपालिकामा स्थायी बसोवास गर्ने न्यून आय भएका, काभिड– १९ का कारण रोजगारी गुमाएका तथा स्वरोजगार हुन ईच्छुक व्यक्ति वा समुहहरुलाई सघन ब्यावसायिक तालिम प्रदान गरी आफैले व्यवसाय सञ्चालन गर्न आवश्यक बीउ पूँजी सहुलियत ऋणको रुपमा ब्यबस्था गरिनेछ ।

६६) गरिबसँग विश्वेश्वर, प्रधानमन्त्री रोजगार कार्यक्रम,आफ्नो गाउँ आफै बनाऔं जस्ता कार्यक्रमहरुमा काम का लागि पारिश्रमिक मा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गर्दा भूकम्पका साथै कोभिड बाट रोजगारी गुमेका र ज्याला मजदुरी गरि जीवन निर्वाह गरिरहेका आर्थिक रुपमा अति विपन्न तथा संकटासन्न घरपरिवारलाई प्राथमिकता दिने नीतिगत व्यवस्था गरिने छ ।

## २. सामाजिक विकास नीति :

### (क) कोभिड १९ (कोरोना भाइरस) रोकथाम तथा नियन्त्रण सम्बन्धि नीति :

६७) विश्वमा मानव जातिकै लागि चुनौतिको रुपमा देखिएको कोभिड १९ (कोरोना भाइरस) महामारीलाई रोकथाम तथा नियन्त्रणका लागि गाँउपालिकाले संघ तथा प्रदेश सरकार संग समन्वय गरी चेतनामुलक तथा सुधारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६८) कोभिड संक्रमणको सम्भावित जोखिममा रहेका नागरीकहरुलाई नेपाल सरकारले तोके बमोजिमका क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइनेछ । यस कार्यमा आवश्यकता अनुसार छिमेकी स्थानीय तहहरु संग समेत समन्वय र सहकार्य गरिनेछ ।

६९) कोभिड १९ को रोकथाम, नियन्त्रण र सम्भावित क्षति न्युनिकरण गर्न प्रत्येक वडामा आइसोलेसन कक्ष सहितको क्वारेन्टाइन स्थापना गरिनेछ ।

७०) महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको कोभिड १९ र अपांगता सम्बन्धी मार्गदर्शन, २०७७ र कोभिड १९ सम्बन्धी कार्य योजना २०७७, कोभिड १९ सम्बन्धी अन्य मार्गर्शनहरुलाई कार्यान्वयन गरि अति प्रभावित र जोखिममा रहेका व्यक्ति तथा वर्गको स्वास्थ्य, मनोसामाजिक तथा आर्थिक अबस्थामा सुधार ल्याउनेकार्यमा पूर्णिमा, केयर नेपाल जस्ता विभिन्न साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।

७१) कोभिड १९ संक्रमित तथा प्रभावितहरुलाई हुन सक्ने सम्भावित घृणा, लाञ्छाना र भेदभावका विरुद्ध सवै वडाहरुमा सचेतना मुलक कार्यक्रमहरुलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

७२) संक्रमण जोखिम रहदा सम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरीक तथा अपांगता भएका ब्यक्तिहरुका लागि राहतका कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

७३) गाँउपालिका कार्यालय, विषयगत शाखा तथा वडाकार्यालयहरुबाट सेवा प्रवाह गर्दा भौतिक दुरी कायम गरी स्वास्थ्य सम्वन्धी तोकिएको मापदण्डको आधारमा हेल्थ डेस्क प्रयोगमा ल्याइनेछ । साथै उक्त कार्यालयहरुमा हातधुने सावुन, पञ्जा, सेनिटाइजर, थर्मामिटर गन लगायतका स्वास्थ्य तथा सरसफाई उपकरणहरु प्रयोगमा ल्याइनेछ ।

७४) गाँउपालिकाको अग्रमोर्चामा रहेर काम गर्ने स्वास्थ्यकर्मी, कर्मचारीहरु, सुरक्षाकर्मी, एम्वुलेन्स चालकहरुका लागि स्वास्थ्य सुरक्षा कवचका रुपमा विभिन्न पिपिई सेटहरु उपलब्ध गराइनेछ ।

७५) गाँउपालिकामा विभिन्न स्थानमा रहेका क्वारेन्टिनहरुलाई खानेपानी तथा सरसफाई र स्वास्थ्य सुरक्षा सहित व्यवस्थित वनाइनेछ ।

७६) कोभिड १९ को संभावित जोखिममा परेका नागरीक तथा कर्मचारीहरुका लागि गाँउपालिका मै आरडिटि परिक्षणको व्यवस्था लाई निरन्तरता दिईनेछ ।

७७) विभिन्न रोग तथा महामारीको प्रभावबाट मानसिक रुपमा विक्षिप्त ब्यक्ति, परिवार तथा समुदायलाई मनोपरामर्श सेवा उपलब्ध गराइनेछ ।

७८) एम्वुलेन्स, शवबाहन, दमकल जस्ता सेवा सञ्चालन गरि तयारी हालतमा राख्ने ब्यबस्था मिलाइनेछ ।

**ख) स्वास्थ्य तथा पोषण नीति :**

७९) आगामी आर्थिक वर्षमा गाँउपालिकाको आवधिक योजना र खानेपानी तथा सरसफाई गुरुयोजना तयार गरी लागु गरिनेछ ।

८०) स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट प्राप्त हुने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामग्रीको ब्यवस्था मिलाइनेछ ।

८१) आधारभूत स्वास्थ्य सेवाका लागि **"उपाध्यक्ष स्वास्थ्य सुधार कार्यक्रम"** अर्न्तगत सबै वर्ग र समुदायका जनतालाई स्वास्थ्य सेवा पुऱ्याउने उद्येश्यले प्रत्येक वडामा स्वास्थ्य शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८२) खोप, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्य संग सम्वन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयं सेविकालाई परिचालन गरिनेछ ।

८३) स्वास्थ्य बिमा कार्यक्रम, जटिल रोग सम्बन्धी घुम्ती शिविर सञ्चालन, रक्तदान र स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

८४) स्वास्थ्य चौकीमा सुत्केरी भई वडा कार्यालयमा जन्म दर्ता गर्न आउदा पोषणयुक्त खाना सहयोग कार्यक्रम अन्तर्गत प्रोत्साहन स्वरुप नगद रकम दिने व्यवस्था मिलाइनेछ ।

८५) गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुको आर्थिक वर्ष २०७७/०७८ देखि लागू हुने गरि सिरानचोक गाउँपालिकाद्धारा वार्षिक स्वास्थ्य बीमा गरिनेछ ।

८६) मदिरा तथा सुर्तीजन्य पदार्थको सेवनबाट मानव स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे जनचेतना अभिबृद्धि गरिनेछ ।

८७) गाउँपालिकाबाट सञ्चालन गरिएका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य क्लिनिकहरुको क्रमिकरुपमा स्तरोन्नती गरी सञ्चालन गरिनेछ तथा सरकारले तोकेबमोजिमका औषधी निःशुल्क वितरण गरिनेछ

८८) आमा सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिई सुत्केरी भेट, मोवाईल स्वास्थ्य, जन्म पूर्व तयारी, नियमित अल्ट्रासाउण्ड, गर्भवती स्याहार अभियान, सुरक्षित मातृत्व महिना जस्ता कार्यक्रमलाई नियमित संचालन गरी अन्य नविनतम् कार्यहरुको थालनी गरिनेछ ।

८९) गाउँपालिकाका सबै वडाहरूलाई क्रमशः घरमा सुत्केरी शुन्य (शत प्रतिशत संस्थागत सुत्केरी गराउने) वडा घोषणाका लागि आवश्यक कार्यक्रमहरू संचालन गरी गाउँपालिकालाई शत प्रतिशत संस्थागत सुत्केरी गराउने गाउँपालिका घोषणा गरिनेछ ।

९०) बाल मृत्युदर उल्लेखनिय रुपमा घटाउन आवश्यक नीतिहरु तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

९१) वालवालिकाहरुको पोषणको स्थिती कमजोर देखिएकोले कुपोषण हटाउने किसिमका कार्यक्रम तयार गर्न प्राथमिकता दिने ।

९२) गाउँपालिकामा एक सुविधा सम्पन्न अस्पताल स्थापना गर्ने तर्फ योजना बनाई आ.व. ०७७।७८ बाट शुरु गरिनेछ । स्वास्थ्य चौकीहरु, एकाई तथा विन्दुहरुको सञ्चालन, क्षमता विकास तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता विकासमा सहयोग पुचाउने लगायत समग्र स्वास्थ्य क्षेत्रको विकासको लागि विभिन्न गैर सरकारी संस्थाहरु तथा सरकारी निकायसँग साझेदारी तथा सहकार्य गर्दै कार्यक्रम सञ्चालन गरिनेछ ।

९३) सवै वडामा संचालनमा रहेको सुरक्षित प्रसुती सेवालाई व्यवस्थित वनाईनेछ । प्रसुती प्रतिक्षालय घर, आकस्मिक सुरक्षित प्रसुती कोष साथै जन्म केन्द्रको लागि आवश्यक औजार तथा उपकरणको सहज व्यवस्थापनका लागि आवश्यक कार्यहरु गरिनेछ ।

९४) कडा रोग लागेका भनी आधिकारीक चिकित्सकवाट प्रमाणित भएका विमारीको लागि उपचार अनुदान खर्चको व्यवस्था लाइ निरन्तरता दिईनेछ ।

९५) घर परिवार तहमा स्वास्थ्य सम्बन्धि जानकारी प्रदान गर्नका लागि आमा समूह सँग स्वास्थ्य कुराकानी अभियानको शुरुवात गरिने छ । साथै प्रत्येक विद्यालयमा शारीरिक तथा मानसिक स्वास्थ्य सम्बन्धि जानकारी मुलक कार्यक्रम सञ्चालन गरीनेछ ।

## (ख) शिक्षा नीति :

९६) विद्यालय वन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिहरुको प्रयोग गरी पठन पाठन सुचारु गर्ने ब्यवस्था मिलाइनेछ ।

९७) सामाजिक दुरी कायम गरी विद्यालय सञ्चालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सामग्री मापदण्ड पालना गरी पठनपाठन नियमीत गर्न आवश्यक पर्ने पुर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रबन्ध गरिनेछ ।

९८) सामुदायीक विद्यालयहरुमा विद्यार्थीको सिकाइलाई समयसापेक्ष परिवर्तन गर्नको लागि **"गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम"** लाई परिमार्जन सहित निरन्तरता दिइनेछ ।

९९) यस गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या र तहगत विद्यालय सञ्चालनका आधारमा दरवन्दी मिलान कार्य गरिनेछ । दरवन्दी मिलान पश्चात नपुग हुन आउने दरवन्दीमा गाउँपालिकाबाट थप शिक्षकको व्यवस्था गरिनेछ ।

१००) विद्यालयमा दिवा खाजा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । जिल्ला स्तरीय खेलकुद प्रतियोगिता, अन्तर विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा सहभागी हुन जादा आउदाको यातायात खर्च व्यहोरीनेछ ।

१०१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीका छोराछोरीहरु सामुदायिक विद्यालयमै भर्ना गरि अध्ययन गराउने नीतिलाई कार्यान्वयन गरिनेछ ।

१०२) जीवनउपयोगी, आधुनिक, व्यावसायिक एवं प्रविधियुक्त शिक्षामा जोड दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरिनेछ ।

१०३) गाउँपालिका भित्र र आफ्नो कामको शिलशिलामा पालिका बाहिर रहेका साथै विभिन्न क्षेत्रमा आफ्नो विज्ञता हासिल गरेका व्यक्तिहरुलाई एकीकृत गरी प्राज्ञिक समूह निमार्ण गरी विभिन्न सम्भावनाहरुको खोजी गरीनेछ ।

१०४) विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रम बनाई यसै बर्ष जारी गरिनेछ, यसरी निर्माण गर्ने पाठयक्रममा स्थानीय भाषा, रहनसहन, संस्कृति्, नैतिक शिक्षा समेत समेटिनेछ ।

१०५) आधारभूत तहसम्मको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गर्न आवश्यक व्यवस्था गरिनेछ । विचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक पूर्वाधार निर्माण गर्नुका साथै बालमैत्री शिक्षण विधि अबलम्बन गरिनेछ । जेहेन्दार, गरिब तथा विपन्न वर्गका वालवालिकाहरुलाई आवश्यकता अनुसार पाठ्यपुस्तक, पाठ्यसामाग्री र पोसाक लगायतका सामाग्री उपलब्ध गराई अभिभावकत्व प्रदान गर्ने कार्यको शुरुवात गरिनेछ ।

१०६) सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको विद्युतीय माध्यमबाट रेकर्ड र रिपोर्टिङ्ग प्रणालीको स्थापना गरी एक वडा एक नमूना विद्यालय कार्यक्रम लागू गरिनेछ । गाउँपालिका क्षेत्र भित्रका सवै विद्यालयहरुमा सि.सि. क्यामेरा र विद्युतीय हाजिरी प्रणालीलाई लागु गरीनेछ (कर्मचारी तथा शिक्षक) यसले सार्वजनिक सेवा तथा क्षमता विकासमा ठुलो टेवा पुग्नेछ ।

१०७) विद्यालय भर्नादर बृद्धि गर्ने तथा कक्षा छोड्ने दर न्यून गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरीनेछ ।

१०८) सरकारी, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट बञ्चित सबैका लागि प्रौढ कक्षा, वैकल्पिक शिक्षा र साक्षरता कक्षाहरु संचालन गर्न विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१०९) विद्यालयभित्रका खुला स्थानहरुलाई धुलोमुक्त बनाउने, फलफूलको विरुवाहरुरोप्ने,बाल,लैङ्गिक तथा अपाङ्गतामैत्री शौचालय निर्माण गर्ने, शुद्ध पिउने पानीको व्यवस्था गर्ने, खुल्ला क्षेत्रमा पानी पुनर्भरण (रिचार्ज) कार्यक्रम, फोहोरमैला राख्ने भाँडोको प्रवन्ध गर्ने, सबै विद्यालयहरुमा बालमैत्री चित्र र सन्देशहरु लेख्ने एवं एउटै रङ्ग लगाउने लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । हरित विद्यालय निर्माण तथा अनिवार्य पुष्प बाटिक निर्माण कार्यको सुरुवात गरिनेछ ।

११०) विकास साझेदार संस्थाहरुको सहकार्यमा वालमैत्री, बिद्यालय मानसिक स्वास्थ्य, पठन संस्कृर्ति विकासलाई अगाढी वढाईने छ ।

१११) बिद्यालयमा अतिरिक्त क्रियाकलाप, बिद्यालय शिक्षक कर्मचारी थप भत्ता, शैक्षिक प्रर्दर्शनि सामग्रि निर्माण, उत्कृष्ट बिद्यालय शिक्षक प्रोत्साहन, कमजोर सिकाई भएका बिद्यालयहरुलाई थप सहयोग, शैक्षिक अनुसन्धान लाई निरन्तरता दिईने छ ।

११२) कला सस्कृर्तिको जर्गेर्ना गर्नका लागि गुरुङ, बराम, कुमाल, मुस्लिम आदि मातृभाषामा पठन कक्षको सुरुवात गरिनेछ ।

११३) विभिन्न कारणले बिद्यालयमा शिक्षकको अनुपस्थितीमा रिक्त रहने परिपाटिको अन्त्यको लागि उचित व्यवस्थापन गरिनेछ ।

११४) विभिन्न सम्भावना वोकेका बिद्यालयहरुलाई विशेष प्रोत्साहन गरिनेछ । त्यसको लागि आहालभन्ज्याङ मा.विमा ऐतिहासिक संग्रालय, महेन्द्रलिला मा.वि लाई बालमैत्रि नमुना बिद्यालय, परोपकार आदर्श मा. वि. मा सास्कृर्तिक संरक्षण, मण्डली मा. वि मा विज्ञान नमुना प्रयोगशाला र संसारी महेन्द्र मा. विलाई खेलकुद नमुना बिद्यालयको रुपमा विकास गरिनेछ ।

११५) शैक्षिक क्यालेन्डर निर्माण गरि बिद्यालयको गतिविधीलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११६) शैक्षिक वुलेटिन द्धारा शिक्षा सम्वन्धि क्रियाकलापहरुलाई प्रकाशन र सार्वजनिकिकरण गरिनेछ ।

११७) परिमार्जित पाठ्कक्रम, मुल्यांकन प्रणालीमा सुधार ल्याउन शिक्षक तालिमको ब्यवस्था गरिनेछ ।

११८) गाउँपालिका क्षेत्र भित्रका सबै शिक्षण संस्थाहरुको सूची तयार गरी उक्त संस्थाहरुको अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गरिनेछ । सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल विकास केन्द्र तथा पूर्ब प्राथमिक कक्षा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । ती केन्द्रहरुमा बालमैत्री गाउँ स्थापनाको सूचक वमोजिम कृयाकलाप समेत सञ्चालन गरिनेछ ।

११९) गाउँपालिका क्षेत्र भित्रका विद्यालयको नक्साङ्कन तयार गरी विशिष्टिकृत कार्यविधि तथा मापदण्ड तयार गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यलाई बैज्ञानीक प्रणाली अपनाई शैक्षिक क्षेत्रको थप व्यवस्थापन र गुणस्तरीय शिक्षामा जोड दिईने छ ।

१२०) भुकम्पबाट क्षति भएका र पुन:निमार्ण नभएका विद्यालय भवनहरुको पुन:निर्माणको लागि राष्ट्रिय पुन:निर्माण प्राधिकरणसँग समन्वय गरी तदारुकताका साथ उक्त भवनहरु निर्माण गर्नका लागि पहल गरिनेछ ।

१२१) आर्थिक वर्ष २०७७/७८ भित्र सिरानचोक गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषण गरिनेछ ।

**(ग) महिला, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपांगता तथा समाजकल्याण नीति :**

१२२) गाँउपालिका क्षेत्र भित्र रहेका महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका र पिछडिएको वर्गको छुट्टाछुट्टै सञ्जाल गठन गरी लक्षित समुदायको सशक्तिकरणमा टेवा पुर्‍याइने छ ।

१२३) अपांगता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन उनीहरुलाई आवश्यक पर्ने सहायता सामाग्रीको व्यवस्थापनमा विभिन्न सहयोगी व्यक्ति तथा संघसंस्थाहरुसँग सहकार्य गरिने छ ।

१२४) आवश्यकता अनुसार घुम्ति शिविर संचालन गरि अपांगता परिचय पत्र, ज्येष्ठ नागरिक परिचय पत्र, एकल महिला परिचय पत्र वितरण तथा नवीकरण गरी उनिहरुको मौलिक हक र अधिकारलाई संरक्षण र सम्बर्द्धन गरिने छ ।

१२५) पालिका स्तरीय एकल महिला सहयोग कोष र अपांगता सहयोग कोष स्थापना गरि सीप विकास र स्वरोजगार तथा दीर्घकालीन सशक्तिकरणमा टेवा पुर्‍याइने छ ।

१२६) महिला, एकल महिला, वालवालिका, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघसंस्था र गाउँपालिकाको साझेदारीमा सशक्तिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२७) विभिन्न आयआर्जनका लागि शिप विकास तालिमका लागि लाभग्राही छनौट गर्दा आर्थिकअवस्था अति कमजोर भएका संकटासन्न व्यक्ति (एकल महिला, असहाय जेष्ठ नागरीक, अपांगता भएका व्यक्ति, दैनिक ज्यालामजदुरी गर्ने आदी) तथा घरपरिवारलाई प्राथमिकतामा राख्ने नीति अवलम्बन गरिने छ । साथै संकटासन्न वर्गको सीप विकास तथा स्वरोजगार जीवकोपार्जन कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरि विकास साझेदारहरुसँग सहकार्य गरिने छ ।

१२८) विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनुपर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक बिभेदको नीतिलाई अगाडि बढाइनेछ ।

१२९) बालमैत्री गाँउ बनाउनको लागि बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार आगामी ३ वर्ष भित्र बालमैत्री कार्यक्रम सञ्चालन गरी बालश्रम रहित गाँउपालिका घोषणा गरिनेछ ।

१३०) लैङ्गिक हिंसामा परेका, अति विपन्न, असहाय महिला, बालबालिका, किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असक्तहरुलाई सहायता, संरक्षण, उद्धार गर्ने कार्य थप प्रभावकारी बनाइनेछ ।

१३१) महिला हिंसा विरुद्ध रहेको विद्यमान कानुन लाई पुर्ण रुपममा कार्यन्वयन गर्न जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१३२) हिंसामा परेका महिलाका लागि पुनर्स्थापना केन्द्रको स्थापना र अस्थायी रुपमा आश्रय दिई उनीहरुको क्षमता विकास गरी स्वरोजगारमूलक कार्यमा सहभागी गराउने एवं सम्भव भएसम्म परिवारसँग पुनर्मिलन गराउनका लागि सरकारी तथा गैर-सरकारी संघसस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

१३३) विपन्न, असहाय तथा असक्तहरुको सहायता, संरक्षण तथा उद्धार गर्न आवश्यक नीतिगत तथा संरचनागत ब्यबस्था मिलाइनेछ ।

१३४) सवै वडाहरुमा वाल क्लव, युवा क्लव गठन र विस्तार गरी वालवालिकाको हक अधिकार स्थापित गर्नको लागि विकास निर्माणका हरेक निर्णयमा वालवालिकाको अर्थ पूर्ण सहभागिता अनिवार्य गरिनेछ ।

१३५) बालमैत्री गाउँ घोषणा गर्न पुरा गर्नुपर्ने सबै सूचकहरुको बारेमा सम्बद्ध सवै सरोकारवाला निकाय समुदायसंग सहकार्य गर्दै आवश्यक पूर्वाधार विकास र सामाजिक विकासका गतिविधि संचालन गर्न आगामी आर्थिक बर्षबाट तदारुकताका साथ कार्यक्रम तथा योजनाहरु सञ्चालन गरिने छ ।

१३६) वाल विवाह, अनमेल विवाह जस्ता सामाजिक विकृति, विसङ्गतिलाई न्यूनीकरण गर्न बनेको विद्ययमान कानुनलाई पूर्णता दिन नीतिगत व्यवस्था गरिने छ ।

**१३७)** बालबालिकाहरुमाथि हुने हिंसा, विभेद र शोषणलाई अन्त्य गरी बाल अधिकारको प्रवर्द्धन तथा बाल अधिकार संरक्षणको सुनिश्चितता गरिनेछ । **साथै बाबुआमा गुमाएका बालबालिकाहरुलाई अवस्था हेरी आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।**

१३८) **"कोही पछाडि नछुटुन्"** भन्ने मान्यताका साथ एकल महिला, अपाँङ्गता भएका व्यक्ति, द्वन्द्व पिडित, घरवार विहिन, असहाय ज्येष्ठ नागरिक तथा अति गरीब लगायत आर्थिक सामाजिक रुपमा पछाडि परेका परिवारका सदस्यहरुलाई स्वरोजगार मूलक तालिम एवं व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक वजेटको विनियोजन सहित कार्यक्रमहरु सञ्चालनमा विकास साझेदारहरुसँग समेत सहकार्य गरिनेछ ।

१३९) विभिन्न जातजातिको परम्परागत ज्ञान र सीपलाई उत्पादनमा जोडन विशेष पहल गरिनेछ ।

१४०) लक्षित वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याउन र विकासमा सहजिकरणको भूमिका निर्वाह गर्न आवश्यकता अनुसार गाउँपालिकामा महिला, युवा, बाल क्लव, दलित, आदिवासी जनजाति समन्वय समिति गठन गरिनेछ । यी समन्वय समितिहरुलाई लक्षित वर्गको लागि सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन, मुल्याङ्कन तथा सहजीकरण कार्यमा सहभागि गराईने छ ।

१४१) गाउँपालिकाका योजना तर्जुमा गर्दा गरीवी निवारणमा सघाउ पुग्ने, रोजगारमूलक, छोटो समयमा सम्पन्न भई प्रतिफल दिने, कम लगानीवाट बढी जनसंख्यालाई लाभ पुर्‍याउने, तथा जनसहभागिता जुट्न सक्ने किसिमका आयोजनालाई प्राथमिकता दिइनेछ ।

१४२) विपन्न लक्षित समुहका लागि आयमुलक तथा सीपमुलक कार्यकम गैरसरकारी संस्था समेतको साझेदारीमा संचालन कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१४३) आदिवासी जनजातिहरुको संस्कृति तथा परम्परा संरक्षण, जनजातिहरुका साँस्कृतिक स्थल तथा सम्पदाहरुको संरक्षणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४४) दलितहरुको समान हक र अधिकारको प्रवर्द्धन, निर्णय प्रकृयामा समेत समावेशीकरण र उनीहरुको संस्थागत सञ्जाल विकास गर्न जोड दिइनेछ ।

१४५) विभिन्न जातजाति, भाषाभाषी, धर्म संस्कृति र परम्परामा आधारित मठ मन्दिर, गुम्वा, चर्च, मस्जिद विहार जस्ता सम्पदा तथा असल संस्कृतिको प्रर्वधन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४६) दलित वर्गको समग्र आर्थिक उन्नतिका लागि परम्परागत पेशालाई आधुनिकीकरण गर्ने कार्यक्रमहरु निरन्तर रुपमा अगाडी बढाइने छ ।

१४७) विकास साझेदार संस्थाको प्राविधिक सहयोगमा सिरानचोक गाउँपालिकाको संस्थागत स्वमूल्याङ्कन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्पन्न भइसकेको र उक्त परीक्षण पश्चात् निर्माण भएको कार्ययोजना कार्यान्वयनका लागि आवश्यक वजेट व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै आगामी आर्थिक वर्षमा पनि सिरानचोक गाउँपालिकाको संस्थागत स्वमूल्याङ्कन र लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण कार्यलाई निरन्तरता दिईनेछ ।

१४८) अपांङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी सशक्तिकरण कार्यक्रमहरु तथा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(घ) खानेपानी तथा सरसफाइ नीति :**

१४९) गाउँपालिका भित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी गाउँपालिकावासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने नीति अन्तर्गत परम्परागत पानीको श्रोतको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५०) प्रत्यक नागरिकको स्वच्छ खानेपानि तथा सरसफाईमा पहुँचको मौलिक हकलाई सुनिष्चित गर्न विकास साझेदार संस्थाहरु संगको सहकार्यमा खानेपानि तथा सरसफाई गुरुयोजना तयार गरिनेछ । **"एक घर एक धारा"**को अवधारणा अनुसार खानेपानी योजना सञ्चालनमा जोड दिईनेछ । साथै आगामी ३ वर्ष भित्रमा एक घर एक धारा को अभियानलाई सम्पन्न गरीनेछ ।

१५१) सार्वजनिक शौचालयहरुको निर्माण, मर्मत सम्भार, स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५२) प्लाष्टिकजन्य फोहोरहरुको विर्सजनका लागि समुदाय स्तरमा सघन रुपमा सचेतना फैलाई व्यवस्थित विर्सजन गरिनेछ ।

१५३) गाउँपालिकाभित्रको खानेपानीलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि एक खानेपानी तथा सरसफाई बोर्ड निर्माण गरीनेछ ।

**ङ) युवा तथा खेलकुद नीति :**

१५४) "युवाको जाँगर, समृद्ध गाउँघर" अभियान अनुरुप युवाशक्ति परिचालनको नीति अबलम्बन गरिनेछ । यसको लागि युवासँग अर्थपूर्ण सहभागिता र सहकार्यमा जोड दिइनेछ । साथै **"एक वडा एक खेलकुद मैदान"** निर्माणलाई आगामी ३ वर्षमा सम्पन्न गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।

१५५) युवाहरुको सहयोगी समूहको सूची तयार गरी प्रत्येक वडामा सञ्चालन हुने सामाजिक विकास कार्यक्रम एवं विकास निर्माणका क्षेत्रमा उनीहरुलाई परिचालन गरिनेछ ।

१५६) वातावरण संरक्षण, हरियाली प्रवर्द्धन एवं जनचेतनामूलक कार्यक्रमहरुको आयोजना गर्दा युवाहरुको परिचालनमा विशेष प्राथमिकता दिइनेछ ।

१५७) युवाहरुलाई कुलत तथा दुर्व्यसनबाट बचाउन सचेतनामूलक, रोकथाममूलक तथा उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५८) युवाहरुका लागि स्वरोजगारमुलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न आवश्यक पहल गरिनेछ ।

१५९) खेलकुदको माध्यमवाट युवाहरुलाई स्वस्थ र अनुसाशित राख्नकालागि गाउँपालिका स्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगिलाई निरन्तर रुपमा संचालन गरिनेछ । साथै व्यवसायिक खेलाडी उत्पादनमा जोड दिइनेछ ।

**च) सामाजिक विकास, सुरक्षा तथा संरक्षण नीति :**

१६०) नेपाल सरकारले ज्येष्ठ नागरिकलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता बन्दाबन्दी अवधीभर घर-घरमै उपलब्ध गराईने अभ्यासलाई निरन्तरता दिइनेछ । प्रत्येक वर्ष "ज्येष्ठ नागरिक सम्मान कार्यक्रम" आयोजना गरिनेछ ।

१६१) प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारहरुलाई गाउँपालिकाको विकासमा आवश्यकता अनुसार परिचालन गरिनेछ ।

१६२) गाउँपालिका क्षेत्र भित्रै रोजगारको अवसर श्रृजना गरी जनशक्ति विदेश पलायन हुनवाट रोकिनेछ र स्थानीय उत्पादनलाई जोड दिइने छ । स्तरीय खालको बैदेशिक रोजगारीमा जान चाहने जनशक्तिलाई निजको क्षमता अनुसार आवश्यक अभिमुखीकरण र जनचेतनामूलक कार्यक्रम गराएर मात्र विदेश तर्फ जाने वातावरण सिर्जना गरिनेछ ।

१६३) अपांगता भएका व्यक्ति तथा समुदायलाई आवश्यक (आर्थिक जिविकोपार्जन, सामाजिक, शैक्षिक आदि)सहयोग पुर्‍याउने हेतुले सम्वन्धित पालिकाले एक छुट्टै "अपांगता सहयोग कोष" को स्थापना संगै आवश्यक कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याउनेछ ।

१६४) एकल महिलाको समग्र हित र भलाईका निम्ति एकल महिला सहयोग कोषको स्थापना र सहयोग कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याउनेछ ।

१६५) जेष्ठ नागरिक हितकोष स्थापना र संचालन कार्यविधि निर्माण गरि जेष्ठ नागरिकको समग्र भलाईका लागि कार्यक्रमहरु तय गरिनेछ ।

## ३. भौतिक पूर्वाधार विकास :

### (क) पूर्वाधार विकास नीति :

१६६) सिरानचोक गाउँपालिकाको पाँच बर्षे आवधिक विकास योजनाका अर्न्तगत पाश्वचित्र निर्माण भइ अन्य कार्यहरु भईरहेको र मध्यकालिन खर्च संरचना, यातयात गुरुयोजना लगायत अन्य क्षेत्रगत गुरुयोजनाहरु एवं नीतिहरु आवश्यकता अनुसार तयार गरिनेछ ।

१६७) पुर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा अपांङ्गता भएका ब्यक्ति, वालवालिका तथा महिला मैत्रि संरचना निर्माण गरिनेछ । साथै विपद जोखिम संवेदनशीलतालाई केन्द्र विन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा ईष्टीमेट गर्ने ब्यवस्था मिलाइने छ ।

१६८) गाँउपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि मर्मत सम्भार कोषको स्थापना गरिनेछ । साथै निर्माण भैसकेका सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१६९) आगामी आर्थिक वर्षमा गाँउपालिकाको भवन निर्माण र वाँकि रहेका वडा कार्यालयका भवन निर्माणको सुरुवात गरिनेछ ।

१७०) भुकम्प पश्चातको सुरक्षित घर पुर्ननिर्माण गर्न बाँकी रहेका संकटासन्न घरपरिवारको लगत तयार पारी साष्ट्रिय पुनर्निर्माण प्रधिकरण, पुनरावेदन, सहयोगी विकास साझेदारसँग समन्वय र सहकार्य गरी शत प्रतिशत घर निमाण कार्य सम्पन्न गरिनेछ ।

१७१) आगामी आर्थिक वर्षभित्र सिरानचोक गाउँपालिकालाई खरको छानामुक्त पालिका घोषण गरिनेछ ।

१७२) आगामी आर्थिक वर्षभित्रै सिरानचोक गाउँपालिका भित्र रहेका विद्युत प्रसारणका सम्पूर्ण काठे पोलहरु विस्थापीत गरिनेछ ।

१७३) यस वर्ष छनौट गरिएका आयोजनाहरुलाई P1, P2 र P3 मा वर्गीकरण गरी P1 मा परेका आयोजनाहरुलाई पहिलो चौमासिकमा, P2 मा परेका आयोजनाहरुलाई दोस्रो चौमासिकमा र P3 मा परेका आयोजनाहरुलाई तेस्रो चौमासिकमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

१७४) भुकम्पवाट क्षतिग्रस्त व्यक्तिगत संरचनाहरुलाई निर्माण वर्षको रुपमा लिई प्रथम र दोस्रो किस्ता वुझिसकेका लाभग्राहीको निजी आवास निर्माण कार्यलाई तिव्रता दिइनुका साथै पून छुट तथा गुनासो सर्वेक्षण पश्चात लाभाग्राही सुचीमा सुचीकृत लाभग्राहीहरुको अनुदान रकम प्राप्तीको लागि पहल गरिने छ ।

१७५) सडकको दाँया वायाँ बृक्षारोपण गर्ने कार्यलाई अगाडि बढाइनेछ । एक घर पाँच रुखको अवधारणा ल्याई बृक्षारोपण गर्ने कार्यक्रमलाई अगाडि बढाइने छ ।

१७६) सुरक्षित पर्यटकिय गाउँको अवधारणाको विकास गर्दै होमस्टे, भ्यूटावर र पिकनिक स्पोर्टलाई प्रभावकारी रुपमा सञ्चालन गर्न अध्ययन, अनुसन्धान र विविध तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

१७७) सिरानचोक गाउँपालिकाभित्रका सम्पूर्ण सडकहरुको न्यूनतम मापदण्ड (Minium Standard) /सडकको क्षेत्राधिकार (Right of Way) को अवधारणाको कार्यान्वयन थालनी भै सकेको हुँदा थप कार्यविधि वनाई यस कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

१७८) गाउँपालिका क्षेत्र भित्रका सडकहरु व्यवस्थित गर्न गाउँ यातायात गुरुयोजना (Rural Transport Master Plan-RTMP) तयार गरी कार्यान्वयन गरिने छ । गाउँपालिकाले निर्माण गर्ने सडकहरुको वर्गीकरण गरी कालोपत्रे, सडक ग्राभेल र कच्ची सडकहरुको नामाकरण गरी उक्त सडकहरुमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग आबश्यक समन्वय र सहकार्य गर्दै विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी व्यवस्थित गरिनेछ ।

१७९) विकास योजनाहरुमा लागत जनसहभागिता वापत स्थानीय उपभोक्तावाट १० प्रतिशत नगद लागत सहभागिता अनिवार्य ब्यहोर्नु पर्ने नीति अवलम्बन गरिनेछ ।

१८०) पूर्वाधार (सडक, खानेपानी, बिद्युत, सिंचाई) तर्फका नयाँ योजना तथा कार्यक्रमलाई बार्षिक विकास कार्यक्रममा समावेश गर्दा निश्चित प्राथमिकता निर्धारण गर्नुका साथै उपलब्ध श्रोतबाट सम्पन्न हुनेगरी अधुरा योजनालाई सञ्चालनमा ल्याउने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिने नीति अवलम्बन गरिने छ ।

१८१) बाटोघाटो, सिंचाई कूलो लगायतका भौतिक पूर्वाधारका योजना निर्माण गर्दा भू-क्षय नहुने, पानीका मुहान एवं वन वातावरणमा प्रतिकुल असर नपर्ने गरी योजना निर्माण कार्य संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१८२) **“भरपर्दो र बलियो स्थानीय पूर्वाधार, बहुआयामिक र दीगो विकासको आधार”** भन्ने लक्ष्य सहित सिरानचोक गाउँपालिकालाई जिल्लाकै नमूना गाउँपालिकाको रुपमा विकास गर्न विकास सम्बन्धी विस्तृत अध्ययन अनुसन्धान गरी व्यवस्थित तथा नमूना बस्ती विकासको अवधारणा अवलम्वन गर्ने नीति लिइनेछ ।

**१८३)** गाउँपालिकाको सवै वडा र वस्तीमा विस्तारित विद्युत प्रवाहको कार्यलाई थप व्यवस्थित गर्न बाँकि रहेका काठे पोलहरुको विस्थापन गरी फलामे पोलको व्यवस्था गरिनेछ र आवश्यक स्थानमा थप ट्रान्समिटरको व्यवस्था मिलाईने छ ।

**ख) सूचना तथा संचार नीति :**

१८४) गाउँपालिका र अर्न्तगतका सबै वडा कार्यालयमा सोलार र इन्टरनेट जडान गरी गा.पा.का सम्पूर्ण वडालाई प्रविधिमैत्रि वडा वनाईने छ । यसलाई आवश्यकता अनुसार सुधार र परिस्कृत गर्नको लागि Internet सेवालाई पूर्ण रुपमा निरन्तरता दिन Internet को Speed वृद्धि गर्न ISP सँग समन्वय गरिनेछ ।

१८५) गाउँपालिका तथा वडा कार्यालयहरुवाट हस्तलिखित रुपमा संचालन भएको सेवा प्रवाह पूर्ण रुपमा सुचना प्रविधि मैत्रि वनाउनका लागि यसलाई निरन्तरता दिँदै थप प्रभावकारी वनाउन विभिन्न तालिमद्धारा कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

१८६) गाउँपालिकाको सेवा सूविधा, नीति नियम, सूचना तथा गतिविधिहरु सबै नागरीक समक्ष पुर्‍याउन मोबाईल एप्स **"सिरानचोक गाउँपालिका "** डिजिटल सोधपुछ कक्ष, डिजिटल नागरिक वडापत्र र सुचना पाटिको सुरुवात गरिनेछ । साथै विद्युतीय हाजिरिको व्यवस्था भैसकेकोले यसलाई निरन्तरता दिईने छ ।

१८७) कार्यालयबाट सम्पादन हुने कार्यलाई आधुनिक सूचना प्रणालीको माध्यमबाट सरोकारवालाहरुलाई सुसूचित गर्न गाउँपालिकाको web site लाई आवश्यकता अनुसार अद्यावधिक गरिनेछ ।

१८८) व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइनबाट दर्ता गर्ने कार्य थालनी भैसकेको हुँदा यसलाई निरन्तरता दिईने छ।

१८९) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको तथ्याङ्क लाई Online Entry गर्ने कार्य सम्पन्न भै सकेको हुँदा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई थप प्रभाबकारी, पारदर्शि , ब्यबस्थित र भरपर्दो वनाउन बैकिंङ प्रणाली मार्फत वितरण गर्ने कार्यको थालनी भएकोमा थप ब्यवीसथत गरिनेछ ।

१९०) कार्यालयवाट सम्पन्न गरीने योजना तथा कार्यक्रम सम्वन्धी सफ्टवेर तयार एवं प्रयोग गरी योजना सम्झौता लगायत भूक्तानी सम्मको प्रकृयालाई प्रविधि मैत्री एवं सुविधायूक्त वनाउने कार्यको सुरुवात गरिनेछ ।

१९१) गाउँपालिका र वडा कार्यालयवाट सेवा प्रवाह वापत लिईने शुल्क, दस्तुर रकम सफ्टवेयर ( Centralized Computerize Billing ) मार्फत कार्यान्वयनमा लिईनेछ । जसले गर्दा दैनिक आन्तरिक आम्दानी गाउँपालिका र जुनसुकै वडा कार्यालयवाट समेत तत्काल हेर्न सकिनेछ ।

१९२) गाउँपालिका भित्रका सबै माध्यामिक तथा आधारभूत विद्यालयहरुमा ईन्टरनेट सेवाको पहुँच पुऱ्याई कक्षा १ देखि १२ सम्मको Mark Calculation छिटो, छरितो र पारदर्शी नतिजा प्रकाशन गर्न Marksheet Software जडान गरिने छ ।

१९३) गाउँपालिका भित्र नयाँ निर्माण गरीने घरको नक्सा पास तथा पुराना निर्माण भईसकेका घरको अभिलेखीकरण विद्युतीय प्रणाली (EBPS) मार्फत शुरु गरिने छ ।

१९४) जननिर्वाचित प्रतिनिधि र कर्मचारीहरुलाई सूचना तथा संचार प्रविधि सम्वन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गरी सेवा प्रवाहमा छिटो छरितो चुस्त दुरुस्त, सेवामूखी र पारदर्शिता कायम गर्न बजेट विनियोजन गरी कर्यक्रम संचालन गरिनेछ ।

१९५) वडा कार्यालयहरुवाट जारी गर्ने सम्पूर्ण सिफारिस, प्रमाणपत्रहरु र दर्ता चलानिको कामलाई सफटवेयर जडानगरि गाउँपालिकालाई पेपरलेस वनाउने कार्यको सुरुवात गरिनेछ ।

१९६) जिन्सि व्यवस्थापन प्रणालिलाई लागु गर्दै गाउँपलिकामा खरिद गरिने सम्पूर्ण मालसामान जस्तै खर्च भएर जाने, खप्ने मालसामान, ईन्धन व्यवस्थापन, जिन्सि माग र जिन्सि हस्तान्त्रणका साथै मौज्दात मिलान र Stock मा रहेको सम्पूर्ण सामानहरुको लेखाजोखा सफ्टवयरको माध्यमवाट गर्ने ब्यवस्था मिलाईने छ ।

१९७) सूचनाको माध्यम छिटो र छरितो वनाउनको लागि Group SMS सुचारु गरिने छ ।

१९८) एकल महिला, भूकम्पका कारण अन्तरिक विस्तावित, अति गरीव, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुको समावेशी तथा स्व:स्वाबलम्बन समूह ( Self-help Group) को दर्ता, नविकरण गर्नुका साथै उनीहरुलाई संस्थागत सहयोग गरिनेछ ।

### ४. वातावरण तथा विपद ब्यबस्थापन नीति :

**क) विपद् ब्यबस्थापन नीति :**

१९९) कोभिड १९ बाहेकका विपदहरुको रोकथाम तथा न्युनिकरणका लागि पुर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न CADRED/LDRT लाई आवश्यक वजेटको ब्यवस्था गरिनेछ ।

२००) भूकम्प, बाढी,आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण वा जीर्ण भइ बसोबास गर्न नमिल्ने अवस्थाको घरहरुको स्थलगत प्रतिवेदन लिई बस्न अयोग्य भएका घरहरुलाई प्रतिवेदनका आधारमा सम्पत्ति कर छुट दिइनेछ । त्यस्तो छुट सुविधा लिएका घरहरुबाट मानवीय क्षति हुन नदिन अनिवार्य रुपमा भत्काउने व्यवस्था लागू गरिनेछ ।

२०१) विपद्को समयमा उद्दार गर्न हरेक वडामा एक तालिम प्राप्त विपद् उद्दार समुह गठन गरिएको छ । उक्त समुहलाई विपद्मा उद्दार गर्ने आवश्यक सामाग्री समेत उपलब्ध गराइने छ ।

२०२) विपद् तथा प्रकोपको समयमा हेलीकप्टरबाट पनि उद्दार गर्नुपर्ने आवश्यकतालाई महशुस गरी गाउँपालिका क्षेत्र भित्र ८ वटै वडामा हेलीप्याड निर्माण गर्ने कार्यलाई अगाडि बढाउन आवश्यक वजेट विनियोजन गरीएको छ । .

२०३) वन क्षेत्रको अतिक्रमण र आगलागी नियन्त्रण गर्न आवश्यक कार्ययोजना तयार गरिने छ ।

२०४) विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना तय गरी लागू गर्ने नीति अवलम्बन गरिनेछ ।

२०५) विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

२०६) सडक यातायातको सडक दुर्घटना कम गर्न तथा दुर्घटना पश्चात तत्काल उद्धारको कार्य गर्ने व्यवस्था मिलाइने छ ।

२०७) विपद उद्धारकर्ताहरुलाई सक्रिय बनाइनेछ। विपदको समयमा उद्धार भत्ता उपलब्ध गराउने नीति लिइनेछ ।

२०८) विपतमा परेका व्यक्तिहरुलाई तत्काल उद्धार गरी व्यवस्थापन गर्नको लागि प्रत्येक वडामा कम्तीमा २ वटा आश्रय स्थल घोषण गरिनेछ ।

२०९) नयाँ सडक निमार्णले  परम्परागत भलकुलो अवरुद्ध गरी ल्याएको सडकभल समस्यालाई समाधान गर्ने योजना निर्माण गरीनेछ ।

**(ख) फोहोरमैला ब्यबस्थापन नीति :**

२१०) स्रोतमै फोहर छुट्टाएर संकलन गर्ने प्रणाली लागु गरिनेछ । घरबाट उत्सर्जित हुने जैविक फोहोरलाई कम्पोष्टमल बनाई व्यबस्थापन गर्न प्रेरित गरिनेछ । चिकित्साजन्य र अन्य हानिकारक फोहोरलाई छुट्टै विसर्जन गर्ने ब्यबस्था गरिने छ ।

२११) फोहोर वस्तुको प्रशोधन र पुनःप्रयोग गर्ने तथा फोहोर बस्तुबाट नयाँ वस्तु उत्पादनमा कार्य गरिरहेका सामुदायिक संस्था, निजी, गैर सरकारी संस्थाको सञ्जाल निर्माण गरी यसलाई प्रोत्साहन दिइनेछ ।

२१२) फोहरमैलाको उपयुक्त व्यवस्थापन, बर्गीकरण, कम्पोष्टिङ्ग, पुनः प्रयोग तथा पुनः उपयोग सम्बन्धी व्यवस्था मिलाउन गाउँपालिका भित्र कार्य गर्ने विभिन्न गैर सरकारी संस्था, सामाजिक संस्थाको सहभागितामा सामाजिक परिचालन र जनचेतना अभिवृद्धि गर्न पहल गरिनेछ ।

२१३) फोहोरमैला संकलन र व्यवस्थापन कार्यलाई दिगो तुल्याउन सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप निजी संघ संस्थासंग समन्वय गरी अगाडि बढाइनेछ ।

**(ग) हरियाली प्रबर्द्धन नीति :**

२१४) एक घर पाँच रुखको कार्यक्रमलाई अभियानका रुपमा निरन्तरता दिइनेछ । गाउँपालिका क्षेत्रलाई सफा र सुन्दर बनाउन मूल सडक र सहायक सडक मोहडामा अवस्थित भवन तथा भौतिक संरचना, कम्पाउण्डवाल समेतमा तोकिए बमोजिम रंगरोगन गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ ।

२१५) वातावरणमैत्रि स्थानीय शासनका सुचकहरुलाई अबलम्बन गरी वातावरण बचाउ अभियानलाई कडाईका साथ कार्यान्वयन गरिने छ ।

२१६) प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरु वृक्षारोपण, सुधारिएको चुलो तथा वायोग्याँस निर्माण, लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरु संचालन गरिनेछ।

२१७) वातावरण मैत्री गाउँ बनाउन आवश्यक पर्ने स्रोत साधन तथा प्राविधिक सहयोगलाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायसँग सहकार्य तथा साझेदारीमा विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२१८) सामुदायिक वन उपभोक्ता समिति तथा वन डिभिजन कार्यालयको संयुक्त प्रयासमा एक वडा एक नर्सरी कार्यक्रम संचालन गरिनेछ ।

२१९) बनजङ्गल क्षेत्रमा वृक्षरोपण गर्न **"एक बस्ती एक वृक्षारोपण क्षेत्र, एक व्यक्ति एक विरुवा वृक्षारोपण"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**(घ) जलवायु परिवर्तन अनुकूलन नीति :**

२२०) सार्वजनिक जग्गामा बृक्षारोपण गर्ने नीति लिइ वातावरण संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

२२१) एक वडा एक पोखरी, एक वडा एक पार्क, एक वडा एक वालवाटिका पार्क निर्माण गर्ने कार्यलाई विस्तारै कार्यान्वयनमा ल्याईने छ । गाउँको सार्वजनिक जग्गामा सार्वजनिक पार्क/बोटानिकल गार्डेन निर्माण गरी सार्वजनिक जग्गाको संरक्षण गरिनेछ ।

२२२) गाउँपालिका भित्रका विभिन्न डाडाँहरुमा जमिनमूनिको पानी डिपबोरिङबाट वाहिर निकाली खानेपानी तथा सिंचाईको लागि सहज आपुर्ती गर्ने कार्यमा प्राथमिकताका साथ काम गरिनेछ ।

२२३) गाउँपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२२४) गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण पानीको स्रोतको सर्भे एवं संरक्षण गर्ने नीति लिइ आवश्यक सूचना संकलन गरिनेछ ।

२२५) विकास योजना संचालन गर्दा साना योजनाहरुमा प्रारम्भिक वातावरणीय मूल्यांकन (IEA) र ठूला योजनाहरुमा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ ।

२२६) भू-क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरुसंगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ ।

२२७) वातावरणमा महत्वपूर्ण भूमिका रहने एक गाउँ एक पोखरीको अवधारणालाई विवरण एकिन गरी अनिवार्य रुपमा कार्यान्वयन गर्ने ।

## ५. संस्थागत विकास र सुशासन नीति :

### (क) संस्थागत तथा मानव संशाधन विकास नीति :

२२८) सिरानचोक गाउँपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी सवै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ । कर्मचारीको कामको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा सहायोग पुग्ने खालका तालिमहरु संचालन गरिनेछ साथै कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ ।

२२९) सिरानचोक गाउँपालिकाबाट प्रवाह गरिने सांर्वजनिक सेवालाई स्वच्छ, निश्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाई महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिनेछ ।

२३०) गाउँपालिकाका जनप्रतिनिधिहरुको क्षमता विकास गर्न तालिम तथा प्रशिक्षण कार्यक्रमलाई थप प्रभावकारी बनाई सञ्चालन गरिनेछ ।

२३१) गाउँपाालिकाका करारमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्नका लागि विशिष्टीकृत कानूनका रुपमा कर्मचारीहरुको सेवा, सर्त र सुविधाहरु उल्लेख गरी सिरानचोक गाउँपालिका सेवा ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२३२) गाउँपालिका क्षेत्र भित्र कुनै पनि गैरसहकारी संस्थाले कार्यक्रम गर्नु पुर्ब अनिवार्य रुपमा गाउँपालिकासंग अनुमति लिई सम्झौता गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने नीति लाई कडाईका साथ लागु गरिनेछ ।

२३३) जनतामा प्रवाह गरीने सेवालाई थप प्रभावकारी बनाउन जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्न क्षमता विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२३४) जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।

२३५) गाउँपालिकाको प्रशासनिक व्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त, दुरुस्त, विश्वासनीय र प्रभावकारी वनाइनेछ ।

२३६) गाउँपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत गरिने कार्यलाई प्रभावकारी, पारदर्शी, छिटो छरितो र सहजीकरणका लागि उपभोक्ता समितिका पदाधिकारीलाई कार्य थालनी पूर्ब अनिवार्य रुपमा अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।

२३७) गाउँपालिका र वडा कार्यालयवाट संचालन हुने योजना, परियोजना र सेवा प्रवाहका सम्वन्धमा सम्पूर्ण सरोकारवालाहरु विच पारदर्शिता एवं जवाफदेहिता प्रवर्द्धनका लागि प्रत्येक चौमासिक रुपमा गाउँपालिका र वडास्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

२३८) गाउँपालिका क्षेत्र भित्र निश्चित योग्यता पुगेका विद्यार्थिहरुका लागि लोक सेवा आयोगको अवधारणा र विषय बस्तुका सम्वन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गर्नका लागि वजेट विनियोजन गरी निश्चित मापदण्ड वनाई सहभागी गराईनेछ ।

२३९) वडासमिति सदस्य, कर्मचारी र कार्यालयको भौतिक क्षमता विकास गरी आधारभुत सेवाहरु त्यहीबाट उपलब्ध गराउन आवश्यक क्षमता विकास,भौतिक तथा संस्थागत पूर्वाधारको विकास गर्न आवश्यक वजेट र जनशक्तिको व्यवस्था गरिनेछ ।

२४०) प्राविधक कर्मचारीहरुको क्षमता अभिवृद्दिको लागि GIS र E-Procument तालिम संचालन गरिने छ

२४१) योजनावद्द विकास र समावेशि विकासलाई टेवा पुर्याउनका लागि ७ चरणको योजना तर्जुमा सम्वन्धि तालिमको संचालन गरि वार्षिक योजना तर्जुमा प्रकृयालाइ ब्यवस्थित गरिनेछ ।

२४२) जैविक विविधताको संरक्षण गर्न र हाल भई रहेको खानेपानीका श्रोतहरु सुक्दै गएकोले प्रत्येक वडामा कम्तिमा एक वटा परम्परागत पोखरीहरु निर्माण गरिनेछ ।

**(ख) सुशासन तथा सुरक्षा नीति :**

२४३) गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना, आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन गर्दै उक्त कार्यक्रमहरुको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, प्रगति समीक्षा जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय शुसासन कायम गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटिको विकास गर्न गाउँपालिका भित्र गुनासो सुन्ने अधिकारी तथा गुनासोको कारवाही गर्ने व्यवस्था गरी सकिएको छ । चौमासिक रुपमा नतिजामूलक अनुगमन तथा मुल्याङ्कनको सिद्धान्त अनुसार योजनाहरुको अनुगमन प्रतिवेदन तयार गरी गाउँकार्यपालिका वोर्ड वैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाइनेछ ।

२४४) गाउँपालिकाका कामकारबाही हरुलाई पारदर्शी, जवाफदेही र जनउत्तरदायी बनाउनका लागि चौमासिक प्रगति समिक्षा सहितको पत्रकार भेटघाट गर्ने कार्यको सुरुवात गरिनेछ ।

२४५) गाउँपालिकाकासबै वडा कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी, हेल्प डेक्स र नागरिक वडापत्र राखिएकोमा थप प्रभावकारी बनाईनेछ ।

२४६) गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वसनीय बनाईनेछ। सवै वडाकार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका विवादहरु वडास्तरमै निरुपण गर्ने व्यवस्था मिलाईएकोले यस कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। साथै गाउँपालिकामा दर्ता भएका विवाद हरुको निरुपण गर्नका लागि गाउँपालिकामा एक न्यायिक निरुपण कक्षको स्थापना गरिनेछ।

२४७) न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ।

२४८) असहाय बालवालिका लैङ्गिक हिंसा न्यूनीकरण र नागरिकहरुको न्यायमा पहुँच पुग्ने गरी अति आवश्यक वडाहरुमा रिफलेक्ट कक्षा संचालन गरिनेछ।

२४९) समाजमा ब्याप्त लैङ्गिक हिंसालाई न्यूनिकरण गर्नका लागि लैङ्गिक हिंसा न्यूनिकरण कोष स्थापना गरिनेछ।

२५०) वडा कार्यालयहरुमा नागरीक वडा पत्र तयार गरी कार्यान्वयनमा ल्याईसकिएको छ र गाउँपालिकाबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको गाउँपालिकाको विद्युतीय नागरीक वडापत्र तयार गरिनेछ । साथै आगामी दिनमा आवश्यकता अनुसार तोकिएको समयमा सेवा प्रवाह, लाग्ने दस्तुर लगायत समय र जिम्मेवारी कर्मचारी समेत तोकी सेवा प्रवाहलाई जनमुखी, पारदर्शिता सहित सुशासन कायम गरिनेछ ।

२५१) गाउँपालिका र वडा कार्यालयमा उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा संस्थाको पहिचान गरी पुरष्कृत गर्ने परिपाटिलाई निरन्तरता दिईनेछ। त्यसै गरी उत्कृष्ट शिक्षक, उत्कृष्ट सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका, आमा समुह, महिला समुह, सहकारी, वन समुह, कृषक समुह, टोल विकास समुह, निर्माण व्यवसायी, उपभोक्ता समिति लाई पनि पुरष्कृत गरीने परिपाटीको सुरुवात गरिनेछ।

२५२) निर्वाचित पदाधिकारी र कर्मचारीहरुको आचारसंहिता तयार हुने क्रममा रहेको र सो तयार गरी कार्यान्वयनमा ल्याईनेछ।

**अन्तमा,**

प्रस्तुत नीति कार्यान्वयनवाट सिरानचोक गाउँपालिकाको सम्वृद्धी विकासमा उल्लेखिय योगदान पुग्ने अपेक्षा गरेको छु । साथै सिरानचोक गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, गण्डकी प्रदेश सरकार, विकास साझेदारहरु, निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारीहरु, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवं प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु।
धन्यवाद ।

धन्यवाद ।

जय सिरानचोक !!!